# स्थानीय राजपत्र

## राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६ संख्याः४ मितिः२०७९/०५/११


# भाग २

## राप्ती गाउँपालिका, दाङ

### कार्यपालिकाबाट स्वीकृत २०७९/०५/११

# राप्ती गाउँपालिकाको छात्रवृत्ती वितरण सम्बन्धी कार्यविधि २०७९

राप्ती गाउँपालिकामा मध्ययम तथा उच्चस्तरिय प्राविधिक जनशक्ती तथा विशेषज्ञ उत्पादन गर्ने उद्देश्यले अति गरिब, विपन्न, दलित बालबालिका, सामुदायिक विद्यालयमा अध्ययन गरेका छात्रा तथा छात्र,जेहेन्दार विद्यार्थी, शहिद परिवार, बेपत्ता, घाइते, अपाङ्गता, मुक्तकमैया परिवारका बालबालिका, मुक्तकमलरी परिवारका बालबालिका, अल्प संख्यक,मधेसी भएका विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११९ तथा राप्ती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१
## पारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम राप्ती गाउँपालिकाको छात्रवृत्ती वितरण कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यपालिका भन्नाले राप्ती गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ख. **अध्यक्ष** भन्नाले राप्ती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

**ग. प्रमुख प्रशासकीय अधिकृत** भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

घ. **एम वि वि एस** भन्नाले चिकित्सा विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ।

ङ. वि भि एस्सी एण्ड ए एच भन्नाले पशु चिकिस्ता विज्ञान विषयमा स्नातक तहलाई सम्झनु पर्दछ।

च. वि ए सी एजी भन्नाले कृषि विज्ञान विषयमा स्नातक तहलाई सम्झनु पर्दछ।

छ. वि ए सी फोरेष्टी भन्नाले वन विज्ञान विषयको स्नातक तहलाई सम्झनु पर्दछ।

ज. बि. ई. भन्नाले इन्जिनियरिङ विषयको स्नातक तहलाई सम्झनु पर्दछ।

झ. शिक्षा युवा तथा खेलकुद शाखा भन्नाले गाउँपालिकामा रहेको शिक्षा क्षेत्र हेर्ने विभाग वा इकाइलाई सम्झनु पर्दछ।

ञ. सिटिइभिटि भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदलाई सम्झनु पर्दछ।

ट. सामुदायिक विद्यालय भन्नाले स्थानीय तह वा नेपाल सरकारबाट सामुदायिक विद्यालयको रुपमा अनुमति प्राप्त गरेको विद्यालयलाई सम्झनु पर्दछ।

ठ. डिप्लोमा भन्नाले प्राविधिक धार तर्फ प्रविणता प्रमाणपत्र तहको जुनसुकै कोर्षलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## छात्रवृत्ती प्रदान गर्ने विषय र आवश्यक न्यूनतम योग्यता

यो कार्यविधि अन्तरगत प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तह र स्नातक तहमा अध्ययनको लागि तपसिलमा उल्लेख भए बमोजिमको विषयहरु अध्ययन गर्न छात्रवृत्ती प्रदान गर्न सकिनेछ । छात्रवृत्ती प्रदान गर्दा जम्मा स्नातक तहको हकमा आवास तथा खानाखाजा खर्चमा लाग्ने खर्चको बढीमा ५० प्रतिशत र डिप्लोमा तहको लागि सतप्रतिशत छात्रवृत्ती प्रदान गर्न सकिनेछ ।

३. प्रविणता प्रमाण पत्र तह

- क. डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान)
- ख. डिप्लोमा इन इग्रिकल्चर (पशु विज्ञान)
- ग. डिप्लोमा इन फोरेष्टी
- घ. डिप्लोमा इन सिभिल इन्जिनियरिङ
- ङ. डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ
- च. प्रमाणपत्र तह सामान्य चिकित्सा
- छ. प्रमाणपत्र तह मेडिकल ल्याब टेक्रनोलोजी
- ज. प्रमाणपत्र तह डेण्टल साइन्स
- झ. प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान
- ञ. प्रमाणपत्र तह सूचना प्रविधि र कम्प्युटर इन्जिनियरिङ
- ट. प्रमाणपत्र तहका अन्य प्राविधिक विषयहरु

४. स्नातक तह

- क. बि. फार्मेसी
- ख. बि. फोरेष्ट्री
- ग. बि. एस्सी एजी
- घ. बि.भि.एस्सी. एण्ड ए. एच.
- ङ. एम. बि.बि. एस.
- च. वि डि एस
- छ. बि. ई. (सिभिल, मेकानिकल र स्टक्चरल,आइ.टि.)
- ज. वि.एन. लगायतका स्नातक तहका प्राविधिक विषयहरु
- झ. एल.एल. बि. आदि

५. छात्रवृत्ती प्राप्त गर्न आवश्यक न्यूनतम योग्यता वा प्राप्ताङ्कको हकमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्यूनतम मापदण्ड अनुसार हुनेछ ।

६. दफा ६ र ७ मा जुनसुकै कुरा उल्लेख भए पनि अन्य विषय वा विद्या अध्ययन गर्ने अति गरिब, विपन्न, दलित बालबालिका, सामुदायिक विद्यालयमा अध्ययन गरेका छात्रा तथा जेहेन्दार विद्यार्थी, शहिद परिवार, बेपत्ता

घाइते, अपाङ्गता भएका विद्यार्थीमध्ये शिक्षा,युवा तथा खेलकुद शाखाबाट निवेदन माग गरी कार्यपालिकामा सिफारिस गर्ने र कार्यपालिकाको निर्णयानुसार छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

## परिच्छेद-३
## छात्रवृत्तिको लागि आवश्यक आधारभूत मापदण्ड

७. देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची १ बमोजिमको निवेदन उपर कारबाही गरी यो छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

क. राप्ती गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास

ख. गरिब वा अति विपन्न वा दलित वा छात्रा वा जेहेन्दार

ग. फौजदारी अभियोगमा कसुरदार नठहरिएको

घ. नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय वा विश्वविद्यालय वा शिक्षण संस्थाले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको

ङ. सामुदायिक विद्यालयबाट एस.एल.सी. वा एस.इ.इ. उत्तीर्ण गरेको

च. कक्षा ६ देखि नै सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण खुल्ने कागजात

छ. अनुसूची २ बमोजिमको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ती एक पटक मात्र पाउनेछ।

## परिच्छेद-४
## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

८. छात्रवृत्ती प्रदान गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ती छनौट तथा सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| क. गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ. आर्थिक विकास समिति संयोजक | सदस्य |
| च. पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| छ. कार्यपालिकाका सदस्य मध्ये कार्यपालिकाले तोकेको एक जना | सदस्य |

ज. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

९. छात्रवृत्ती छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः छात्रवृत्ती छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. छात्रवृत्ति शीर्षकमा बजेट विनियोजन तथा व्यवस्था गर्ने

ख. गाउँपालिकाभित्रका गरिब,अति विपन्न,दलित, छात्रा तथा जेहेन्दार विद्यार्थीको पहिचान गर्ने र गर्न लगाउने

ग. छात्रवृत्तिको लागि उम्मेदवार छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने

घ. छात्रवृत्तिका लागि मनोनयन भएका उम्मेदारसँग अनुसूची २ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र तयार गर्ने र गर्न लगाउने

ङ. उम्मेदवारको प्रगति विवरण बारे गाउँ कार्यपालिकालाई जानकारी गराउने

च. गाउँ कार्यपालिकाबाट तोके बमोजिम अन्य कार्य गर्ने।

## परिच्छेद-६

## छात्रवृत्ति कोषको स्थापना

१०.कोषको स्थापनाः

क. छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले गाउँ कार्यपालिकाको मातहतमा रही छुटै छात्रवृत्ति कोषको स्थापना गरिनेछ।

ख. कोषको आय रकम सङ्कन तथा व्यय रकम परिचालनको लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एउटा छुट्टै खाता खोली सञ्चालन गरिनेछ।

ग. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट उक्त खाता सञ्चालन गरिनेछ।

घ. दफा ८ मा जुनसुकै कुरा उल्लेख भएता पनि कोषको स्थापना भई नसकेको अवस्थामा गाउँपालिकाले निर्णय गरी छनौट भएका उम्मेदवारलाई निजको व्यक्तिगत खाता वा अध्ययन गर्ने संस्थाको खाता मार्फत सोझै भुक्तानी गरिनेछ।

११.कोषको आम्दानीः कोषमा देहाय बमोजिमको स्रोतहरु आम्दानीको रुपमा जम्मा हुनेछ।

क. गाउँपालिकाको वार्षिक बजेट मार्फत छात्रवृत्ति कोषमा जम्मा हुने रकम

ख. सरकारी तथा गैरसरकारी संघसंस्था तथा अन्य दाताहरुबाट प्रचलित कानून बमोजिम प्राप्त रकम

ग. व्यक्तिगत रुपमा प्राप्त शैक्षिक सहयोग

घ. कोषको लागि अभियानबाट जम्मा भएको रकम

## परिच्छेद-७

## कोषको लेखा र लेखा परीक्षण

१२. कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ।

१३.कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची १**

**छात्रवृत्ति आवेदन फाराम**

मितिः / /

श्री शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखज्यू
राप्ती गाउँपालिका दाङ।

विषयः छात्रवृत्ति उपलब्ध गराई पाउँ।

प्रस्तुत विषयमा यस गाउँपालिका वडा नं........स्थायी निवासी.......................................को नाति/नातिनि.....................को छोरा/छोरी म..................................ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति...............................विषयमा.......................................................विश्वविद्यालय / प्राविधिक शिक्षालय................................मा.........................डिप्लोमा तह/ स्नातक तह..............................................विद्यालय/प्राविधिक शिक्षालय/ क्याम्पसमा अध्ययनका लागि छात्रवृत्ति पाउँ भनि यो निवेदन पेश गर्दछु।

| क्र.स. | शैक्षिक संस्था | शैक्षिक वर्ष | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदक
दस्तखतः
नामथरः
सम्पर्क नः
संलग्न गर्नुपर्ने कागजातः

१. राप्ती गाउँपालिकाभित्र बसोबास रहेको प्रमाण खुल्ने कागजात वा सम्बन्धित वडा कार्यालयको सिफारिस
२. सामुदायिक विद्यालयमा कक्षा ६ देखि अध्ययन गरेको प्रमाण खुल्ने कागजात
३. नागरिकता वा नाबालक परिचय पत्रको प्रतिलिपी
४. एस एल सी वा एस ईई परीक्षाको ग्रेडसिट वा प्रमाणपत्रको प्रतिलिपी
५. स्नातक अध्ययन गर्न चाहने विद्यार्थीको हकमा एस एल सी वा एस ईई परीक्षाको ग्रेडसिटको प्रतिलिपी र कक्षा १२ उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपी

अनुसूची-२

प्रतिवद्धता पत्र

प्रस्तुत विषयमा यस गाउँपालिका वडा नं.........स्थायी निवासी.........................................को नाति/नातिनि................................................को छोरा/छोरी म...............................................................ले गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकामा कम्तिमा ३/ ४ वर्ष सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

औंठाको छाप

| दायाँ | वायाँ |
| --- | --- |
| | |

हस्ताक्षरः

अभिभावकको
नामथरः
ठेगानाः
हस्ताक्षरः

आज्ञाले
नेब बहादुर वली
प्रमुख प्रशासकीय अधिकृत